प्रस्तावहरुः

१. ऐरावतीमा लाग्ने माघि मेला सम्बन्धमा ।
२. व्यवसाय दर्ता शुल्क छुट सम्बन्धमा ।
३. अध्ययन बिदा स्वीकृतिको लागि सिफारिस सम्बन्धमा ।
४. विविध सम्बन्धमा ।

निर्णयहरुः

१. ऐरावती गाउँपालिका अन्तर्गत झिमरुक र माडी नदिको संगम स्थलमा माघिमा लाग्ने मेला ब्यवस्थापनको लागि आवश्यक बजेटको ब्यवस्थापन गर्ने निर्णय गरियो ।
२. ऐरावती गाउँपालिका भित्र सञ्चालनमा रहेका बैकं, वित्तिय संस्था, सहाकरी एवं ब्यवसाय दर्ता नगरी सञ्चालनमा रहेका ब्यवसायीहरुले आर्थिक वर्ष २०८१ फागुन मसान्त सम्म ब्यवसाय दर्ता गरेमा हाल सम्म लाग्ने जरिवान छुट दिने निर्णय गरियो ।
३. कर्मचारी समायोजन ऐन २०७५, बमोजिम यस गाउँपालिकामा समायोजन भएका तपसिल बमोजिमका कर्मचारीहरुलाई उच्च शिक्षा अध्ययनको लागि मिति २०८१ पौष २५ गते बाट लागु हुने गरी मिति २०८४ पौष मसान्त सम्म आवश्यक पर्ने (३ वर्ष) तलवी अध्ययन बिदा स्वीकृतीको लागि प्रदेश प्रमुख सचिव, मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशमा सिफारिस गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | कर्मचारीको नाम/थर | संकेत नम्बर | हालको पदको विवरण | अध्ययन गर्न चाहेको संकाय |
|---|---|---|---|---|
| १ | सुष्मा रोका मगर | २२८२८६ | सि.अ.न.मि.(पाँचौ तह) | BMS/BNS |

४. विविध

➢ ऐरावती गाउँपालिका वडा नं ५ झिवाङ खोलामा रहेको फुटवल खेल मैदान निर्माणको लागि आवश्यक पर्ने रु १० लाख रुपैया मर्मत सम्भार खर्च कृयाकलापबाट भुक्तानी दिने निर्णय गरियो ।

- ऐरावती गाउँपालिका अन्तर्गत आ.ले.प.शाखामा रहेको लु.१.ब १५५३ नम्बरको मोटरसाईकल मर्मत गर्नुपर्ने भएकोले ओम सप्लायर्स बिजुवारको ईष्टिमेट विल अनुसार मर्मत गर्नको लागि स्वीकृती दिने निर्णय गरियो ।
- ऐरावती गाउँपालिका वडा नं. ६ अन्तर्गत अर्लाबाङ देखि गहतेरा पहिरो र लादम सम्मको मोटरबाटो तत्काल मर्मत गर्नुपर्ने भएकोले मर्मत सम्भार कोषबाट भुक्तानी दिने गरी रु १ लाख भित्र कार्य सम्पन्न गर्न पूर्वाधार शाखालाई आदेश दिने निर्णय गरियो ।
- बाल शिक्षा माध्यमिक विद्यालय पूर्व समाजले प्रकाशन गर्न लागेको भक्तिराम उपाध्याय स्मृतिग्रन्थमा सूचना प्रकाशन गरेवापत रु २५ हजार उपलब्ध गराउने निर्णय गरियो ।
- ऐरावती गाउँपालिका वडा नं. १ सल्लिकोट निवासि विष्णु बहादुर वि.क.को घरमा मिति २०८१/०८/०४ मा विद्युत सट भई भएको आगोलगीमा घर पूर्ण रुपमा जलेर नष्ट भएकोले घरमा जस्ता पाता लगाउनको विपद् ब्यवस्थापन कोषबाट भुक्तानी दिने गरी रु ८५ हजार उपलब्ध गराउने निर्णय गरियो ।
- ऐरावती गाउँपालिका वडा नं. १ जाग्रेथुम देखि तीखु वेलवोट मोटर बाटो मर्मत गर्नुपर्ने भएकोले आवश्यक बजेट मर्मत सम्भार कोषबाट भुक्तानी दिने गरी काम गर्न पूर्वाधार शाखालाई निर्देशन दिने निर्णय गरियो ।
- ऐरावती गाउँपालिका अन्तर्गत रोजगार सेवा केन्द्रमा प्राविधिक पदमा कार्यरत मधुसुदन थापाले प्रयोग गर्ने रा १ ब ५८५ नम्बरको मोटरसाईकल मर्मत गर्नुपर्ने भएकोले पाण्डे मोटर पार्टस एण्ड सप्लायर्स बरौलाको ईष्टिमेट विल अनुसार मर्मत गर्नको लागि स्वीकृती दिने निर्णय गरियो ।

नविल विक्रम शाह
अध्यक्ष